# नेपालका मूल पुरोहितहरू

**- प्रकाश ए. राज**

गोरखाका राजा राम शाहले बाँधेको थिति अनुसार वगाले अर्जेललाई होता, विहारे अर्जेललाई आचार्य, खनाललाई ब्रम्हा र भट्टराईलाई गणेश गरी चार पुरोहित भए।[1] मूल पुरोहित भन्नाले राजदरवारमा राज परिवारका मुख्य पुरोहित भन्ने बुझिन्छ। पहिले राजपरिवारका पुरोहितलाई पुरोहित मात्र भन्ने चलन भएको र मूल पुरोहित भन्ने चलन पछि मात्र आएको बुझिन्छ जुन कुरा १८९८ मा श्री ५ राजेन्द्रले विजयराजलाई खेत प्रदान गरेको ताम्रपत्रमा तत्कालीन पुरोहित विद्यारण्यकेसरी अर्जेलको नाममा "पुरोहित" मात्र उल्लेख भएको छ, "मूल पुरोहित" भन्ने शब्द उल्लेख भएको छैन।[२] गोरखाका राजा नरभूपाल शाहका मन्त्र सुनाउने गुरू गौरीश्वर पण्डित (पाण्डे) थिए। पृथ्वीनारायण शाहको बेलामा भने गुरू पद्वी मिश्रले भेट्टाए। पुरोहित अर्जेल थिए। १८४२ सालको महाराजधिराजको रूक्कामा प्रोहित वैयाकरण केसरी भनी उल्लेख भएको छ[३] यसैगरी १८५१ माघवदीको लालमोहरमा दैवज्ञकेसरी र न्यायकेसरीको नाम लेखिएको छ।[४] १८५५ साल फागुन सुदी २ मा श्री ५ गीर्वाणलाई राजगद्दी दिंदा धर्म भाक्ने मध्येमा दैवज्ञकेसरी अर्जेल र विद्यारण्यकेसरी समेत थिए।[५] १८६१ साल माघसुदी ५ मा सन्धिपत्र रूजु गर्ने काममा पंडित रंगनाथ (पौडेल), धर्माधिकार वाणीविलास (पाण्डे) र पुरोहित यदुनाथ अर्जेल थिए।[६] गौरीश्वरका नाती वाणीविलास थिए। १८९८ को लालमोहरमा पुरोहित विद्यारण्यकेसरीको नाम उल्लेख हुनको साथै तीर्थराज पण्डितको नाम समेत उल्लेख भएको छ। यी तीर्थराज गौरीश्वर पुत्र जगन्निवासका नाती वेणी प्रसादका छोरा थिए। जगन्निवासका अर्का नाति नागेश्वरका छोरा विजयराज थिए। तीर्थराज विजयराजका काकाका छोरा हुनाले नाताले भाइ पर्दथे। १८९८ को लालमोहरमा तीर्थराजको उल्लेख हुनुको कारण उनी त्यसबेला तिर राजदरवारमा शायद सहायक पुरोहितको रूपमा प्रवेश गरी सकेका थिए।[७] एकजना इतिहासकार[८] ले विजयराजलाई तीर्थराजका भाइ भनेका छन् र निजलाई बनारसदेखि जंगबहादुरका हितैषी थिए भनी उल्लेख गरेका छन्। उनको भनाइ अनुसार भण्डारखालको षडयन्त्रबारे पनि विजयराजले आफूले थाहा पाएपछि तीर्थराजसंगै सल्लाह गरेका थिए। विजयराजका काकाका छोरा तीर्थराज उनका दाज्यु नभएर भाइ थिए। बनारसमा जंगबहादुरले तीर्थराजलाई चिनेका थिए भन्ने कुराको अन्यत्र कतै प्रमाण भेटिएको छैन।१९०० सालमा माथवरसिंह प्रधानमन्त्री भएपछि "न्याय अन्याय नछुट्याई पाँडेहरूका पक्षमा लागी श्री ५ मा कुरा लाउने

भनी पुरोहित कविकुलकेसरी (अर्जेल) समेत चार भाइलाई दण्ड गरी दरवार पस्न मनाही गरियो ।[10]

१९०३ कार्तिकमा भएको भण्डारखाल पर्वपछि राज्यलक्ष्मीदेवी निष्काशित भई बनारसतर्फ जान लाग्दा श्री ५ राजेन्द्र पनि संगै गए । उनको साथमा तीर्थराज पनि गएका थिए भन्ने कुरा श्री ५ राजेन्द्रले विजयराजलाई सुगौलीबाट लेखेको पत्रमा "तीर्थराज पण्डित शरणमा छन् भन्या कुरालाई हाम्रा साथैमा हाजिर छन्, एसमा सन्देह मान्नु पर्दैन, हामीबाट निगाह राखी बक्सन्यै छौं" भनेर लेखेकोबाट स्पष्ट हुन्छ ।[८]

१९०५ चैत्रवदी ३० को लालमोहरको नक्कल[९] मा संकल्प पढ्ने पुरोहितको नाम चतुर्भुज अर्याल भनी लेखिएको छ । तसर्थ १९०५ को अन्त्यसम्म पनि तीर्थराज राजदरवारको पुरोहित भई नसकेको देखिन्छ । १९१० को मुलुकी ऐनमा राजी भनी स्वीकृति दिने व्यक्तिहरू मध्ये तीर्थराजको नाम पनि छ तथा १९११ मा भारदारहरूको खान्गीको फेहरिश्तमा बार्षिक रू. ३०००/- खाने भनी "गुरू पुरोहित तीर्थराज" को नाम पनि लेखिएको छ।[१०क] उनको नामको अगाडि "पुरोहित" मात्र नभई "गुरू" समेत लेखिएको कारण तीर्थराज नरभूपाल शाहका गुरू गौरेश्वरका सन्तान भएर होला । तीर्थराजले राजदरवारको पुरोहित पद्वी चाहिं १९०६ र १९१० को बीचमा मात्र पाएको देखिन्छ । त्यसबेला विजयराज शक्तिशाली भइसकेका थिए र आफ्ना भाइ तीर्थराजलाई राज पुरोहित बनाउन उनको सिफारिशले पनि केही भूमिका खेलेको थियो कि ? तीर्थराजले १८९८ मा नै राजदरवारमा प्रवेश पाएको कुरा माथि नै उल्लेख गरी सकिएको छ । तत्कालीन पुरोहित अर्जेलहरूको सट्टा राजपुरोहित पद पनि आफ्नै वंशका दाजुभाइमा नै आओस् भन्ने विजयराजको विचार रहेको हुन सक्दछ । विजयराजलाई पुरानो लालमोहरको आवश्यकता भएकोमा तीर्थराजले दिएको भन्ने किंवदन्ती साँचो हुने कुनै प्रमाण भेटिएको छैन । १९१५ ज्येष्ठ वदी ११ को लालमोहरको नक्कलमा तीर्थराजका छोरा गु.पु. अमरराज भनी नाम उल्लेख भएकोले त्यसबेलासम्म तीर्थराजको देहान्त भइसकेको जस्तो देखिन्छ ।[११] १९१५ सालतिर तीर्थराजका छोरा अमरराज मूल पुरोहित भइसकेको जस्तो देखिन्छ । तीर्थराजका कान्छा छोरा वामदेव १९३० देखि १९५३ को अवधिमा जंगबहादुरको अन्तिम समयमा तथा रणोद्दिपको शासनकाल र वीर शमशेरको शासनकालको पूवार्द्धमा शक्तिशाली व्यक्ति थिए । १९४० भाद्र वदी १ को लालमोहरको नक्कलमा (१२) धर्माधिकार द्विजराज पण्डित, खजाँची वामदेव र गु.पु. अमरराज भनी लेखिएको छ । १९३० साल र १९५० सालको बीच वडागुरूज्यू विजयराजका छोरा नगेन्द्रराज सीधा खालका छँदा चलाख वामदेवले आफै वडागुरूज्यू हुन खोजेका थिए भन्ने पनि सुनिन्छ । १९५३ पौष वदी १० को लालमोहरको नक्कलमा भुवनेश्वर पंडित भनी वामदेवका माहिला छोराको नाम लेखिएको छ । त्यसबेलासम्म अमरराज र वामदेवको मृत्यु भइसकेको देखिन्छ ।


१९५८ मा चन्द्रशमशेर प्रधानमन्त्री हुँदा मूल पुरोहित ज्ञानेश्वर थिए । अमरराजका छोरा प्रयागराज यी दुवै भन्दा कान्छा थिए । चन्द्र शमशेरको शासनकालको शुरूमा उनका धेरै मन परेका प्रयागराजले चन्द्रशमशेर कहाँ कुरा लगाई ज्ञानेश्वर र भुवनेश्वरलाई पाल्पातर्फ धपाउन लगाए पछि प्रयागराज मूल पुरोहित हुन पाए भन्ने पनि भनाई छ। १९६१ सालमा मूल पुरोहित प्रयागराज भइसकेका थिए । नेपालमा सर्वप्रथम आर्यसमाज खोलेको वीरे उनी कहाँ कसैले उजुर गर्दा १९६२ श्रावणमा माधवराजलाई बोलाउन पठाई[१२] माधवराज जोशीको तत्कालीन संस्कृतका विद्वान विश्वनाथ रिमाल र गंगादत्त गोतामेसंग शास्त्रार्थ भएपछि प्रयागराजलाई सो कुरा मन परेन र "माधवराजले पशुपतिलाई ढुंगा भन्दछ" भनी सभामा नै लट्ठीले माधवराजलाई पिटेका थिए । चन्द्रशमशेरलाई अमरराजका सन्तान बढी मन परेको हुनाले वामदेवका छोराहरू ज्ञानेश्वर, भुवनेश्वर र जनकराजलाई मूल पुरोहित पदवी दिएनन् । १९७२ मा प्रयागराजको मृत्यु भएपछि उनका छोरा विक्रमराज पुरोहित भए । उनी १९७२ देखि १९८३ सम्म पुरोहित रहे ।[१३] त्यसअघि नै उनी पागल

भइसकेका थिए र १९८३ मा उनीबाट मूलपुरोहितको पद झिकियो । विक्रमराजको मृत्यु १९९९ सालमा भयो । उनी कहाँ ४० जना केटीहरू शास्त्रीय संगीत र अभिनयमा तालिम प्राप्त गर्दथे ।[१४]

१९८३ सालमा विक्रमराजबाट मूलपुरोहित पद झिकिएपछि ९ वर्ष उमेर पुगेका सिंहराज मूलपुरोहित भए । १९८८ मा चन्द्र शमशेरको मृत्यु भएपछि भीम शमशेर प्रधानमन्त्री भए र सिंहराज पनि मूल पुरोहित पदबाट झिकिए । १९८६ देखि २०२० सालसम्म मूल पुरोहित जनकराज भए । २०२० सालमा आफू मूल पुरोहित पद झिकिएका चौत्तीस वर्षपछि पाँच वर्षको निमित्त सिंहराज फेरि मूल पुरोहित भए । हुन त १९८६ सालमा जनकराजलाई मूल पुरोहित पद दिइँदा पाँच वर्षको अवधिलाई मात्र दिइने र त्यसपछि सिंहराजलाई फेरि दिने भन्ने कुरा भए तापनि शुरूमा जुद्ध शमशेरको मन परेको हुनाले जनकराजलाई पाँच वर्षे नियम लागेन । २०२५ सालमा पाँच वर्षसम्म मूल पुरोहित भइसकेका सिंहराजबाट सो पद झिकी जनकराजका जेठा छोरा अच्युतराजलाई मूल पुरोहित बनाइयो । २०३० सालमा सिंहराज फेरि मूल पुरोहित बने र पाँच वर्षे नियम लागू भएन । २०४० सम्म आफ्नो जीवनकाल पर्यन्त सिंहराज मूल पुरोहित भई रहे । २०४० सालमा सिंहराज पछि ज्ञानेश्वरका नाति रमेश प्रसाद मूल पुरोहित भए र हाल (२०५५) सम्म रहिरहेका छन् । राजगुरू तथा मूल पुरोहित सम्बन्धी नियमावली बनी नेपाल राजपत्रमा प्रकाशित भए पछि ती दुवै पद संस्कृतमा स्नातकोपाधि प्राप्त गरेका सबै ब्राम्हणहरूलाई खुला रहेको छ । १८२५ सालमा नेपालको एकीकरण शुरू भएपछि हाल (२०५५) सम्म जम्मा २३० वर्षमा १४५ वर्ष तीर्थराज कै सन्तान मूल पुरोहित रही रहेका छन् ।

**परिशिष्ठ - १**

काश्यपगोत्रीय पाण्डे थर भएका राजपुरोहितहरूको वंश वृक्ष



## परिशिष्ठ - २

*वि.सं.१९१० साल पछिका मूल पुरोहितहरू*

| | | | |
|---|---|---|---|
| तीर्थराज | (१९०९ (?) | - | १९१५ (?) |
| अमरराज | (१९१५ (?) | - | (१९४२) |
| वामदेव | (१९४२ | - | १९५२) |
| ज्ञानेश्वर | (१९५२ | - | १९५८) |
| प्रयागराज | (१९५८ | - | १९७२) |
| विक्रमराज | (१९७२ | - | १९८३) |
| सिंहराज | (१९८३ | - | १९८६) |
| जनकराज | (१९८६ | - | २०२०) |
| सिंहराज | (२०२० | - | २०२५) |
| अच्युतराज | (२०२५ | - | २०३०) |
| सिंहराज | (२०३० | - | २०४०) |
| रमेशप्रसाद | (२०४० | - | ) |

## संदर्भ ग्रन्थ

(१) दिनेशराज पन्त, ***गोरखाको इतिहास***, पृ. ४०३
(२) प्रकाश ए. राज, ***विजयराज पण्डित***, पृ. २९
(३) ***इतिहास प्रकाश***, पृ. ८०
(४) पूर्ववत्, पृ. ८०
(५) ईश्वर वराल, ***विष्णुभक्त कवि विद्यारण्यकेसरी अर्याल***, प्रज्ञा, पूर्णाङ्क ५०, २०४२
(६) ***इतिहास प्रकाश, सन्धि पत्र संग्रह***, पृ. ४२०
(७) प्रकाश ए. राज, ***विजयराज पण्डित***, पृ. ३०
(८) पुरूषोत्तम शमशेर, ***श्री ३ हरूको तथ्य वृत्तांत***, पृ. २२५
(९) प्रकाश ए. राज, ***विजयराज पण्डित***, पृ. ३९
(१०) ज्ञानमणि नेपाल, ***नेपालको महाभारत***, पृ. १८२
(१०क) ***मुलुकी ऐन***, १९१० साल
(११) लाल मोहरको नक्कल लेखकसंग छ
(१२) Tri Ratna Manandhar, ***Nepal in the year of Trouble***, 1888
(१३) शुक्रराज शास्त्री, ***"शहीदके कलम से"***, पृ. २८३
(१४) राम शरण दर्नाल, ***नेपाली संगीत साधक***, ने.रा.प्र.प्र. २०३८